खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी मुगु

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या :- २०८२/८३

मिति:२०८३/०३/०५

चलानी नं. २६८३

श्री सम्पुर्ण सरोकारवाला पक्ष सबै,

विषय भुक्तानी निकासा बन्द हुने सम्बन्धमा ।

उपर्युक्त विषयका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ बमोजिम विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेका खर्च शिर्षकको हकमा बाहेक अन्य शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनु पर्ने रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा ७ सात दिन अगाडी भुक्तानी लिइ लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने कानूनी व्यवस्था भए बमोजिम यस आ.ब. २०८२/८३ मा असार २५ गते सम्म मात्र भुक्तानी हुने व्यहोरा सम्पुर्ण सरोकारवाला पक्षहरुलाई जानकारी गराईन्छ ।

साथै आर्थिक बर्षको अन्तिम समयमा स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्याधिक चाप बढ्न गई सर्वर डाउन (SuTRA Surver Down) हुन सक्ने सम्भावना रहेको हुँदा यस गाउँपालिकाबाट भुक्तानी कारोवारसँग संलग्न सम्पुर्ण व्यक्ति,संघसंस्था,निर्माण व्यावसायी,उपभोक्ता समिति,सामुदायिक विद्यालय,सरोकारवाला अन्य निकाय तथा कार्यालयका कर्मचारीहरु र मातहतका कार्यालयले आ.ब. २०८२/८३ मा भुक्तानीका लागि पेश गरिने सम्पुर्ण कागजातहरुको पुर्याउनुपर्ने कानूनी रित पुर्याई चालु खर्चको हकमा मिति २०८३/०३/१० गते सम्म र पुँजीगत खर्चको हकमा २०८३/०३/१५ गते सम्म यस कार्यालयको आर्थिक प्रशासन शाखामा भुक्तानी सम्वद्द कागजातहरु(फाइलहरु) पेश गर्न अनुरोध छ । अन्यथा सो भन्दा पछि भुक्तानीका लागि पेश हुन आएका कागजात उपर कुनै कारबाही गर्न आर्थिक प्रशासन शाखा बाध्य नहुने र तोकिएको समयमा भुक्तानी सम्बद्ध कागजातहरु (फाइलहरु) पेश नगरी भुक्तानी हुन नसकेमा समबन्धित पक्ष नै जिम्मेवार हुनुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

.......................
प्रदिप घिमिरे
बरिष्ठ लेखा अधिकृत
अधिकृत

.......................
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय

<u>सादर अवगतार्थ:</u>

श्री गाउँपालिका अध्यक्ष ज्यू,गाउँपालिका उपाध्यक्ष ज्यू ।

<u>बोधार्थ:</u>

श्री वडा अध्यक्षज्यूहरु सबै - वडा नं १ देखी ११ नं वडा कार्यालय ।

श्री शाखा प्रमुखज्यूहरु - खत्याड गाउँपालिका,मुगु ।